| ऐन संख्या :- | ....... |
| --- | --- |

# सोलुदुधकुण्ड नगरपालिकाको पूर्वाधार विकास तथासेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्ने सम्बन्धी विधेयक, २०७५

| नगर सभाबाट स्वीकृत मिति :- | २०७५/ / |
| --- | --- |

| प्रमाणीकरण मिति :- | २०७५/ / |
| --- | --- |

**सोलुदुधकुण्ड नगरपालिका**

**सोलुखुम्बु जिल्ला**

**१ नं. प्रदेश**

प्रस्तावना :

सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमन योग्य बनाउने, सडक एवं जलाधार क्षेत्र वरिपरी हुने निजी तथा सार्वजनिक पूर्वाधारनिर्माणलाई व्यवस्थित एवं स्थापित नगर मापदण्ड अनुरुप बनाउने, सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नती गर्ने तथा नगर क्षेत्रका सेवा व्यवस्थालाई व्यवस्थित र विधिसम्मत बनाउन बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिमनगरसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद १**

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको "पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्नेऐन, २०७४"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "कार्यपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "खोला तथा खोल्सी" भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी वग्ने स्थानलाई सम्झनु पर्छ ।

(ग) "गोरेटो बाटो " भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्शामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ ।

(घ) "चक्रपथ" भन्नाले नगरलाई परिक्रमा (रिङरोड) हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ ।

(ङ) "जलश्रोत" भन्नाले नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(च) "टोलस्तरीय सडक" भन्नाले ० कि.मि. देखी १ कि.मि. सम्मको सडकलाई सम्झनु पर्छ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक" भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुच मार्गलाई सम्झनु पर्छ ।

(झ) “नगरस्तरीय सडक” भन्नाले नगरपालिका र गाउँपालिकालाई जोड्ने सडकलाई सम्झनु पर्छ ।

(ञ) “प्रमुख” भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) “प्राकृतिक स्रोत” भन्नाले जल, जमीन, जडिबुटी, ढुङ्गा, बालुवा जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ ।

(ड) “प्रादेशिक सडक” भन्नाले नगरपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ ।

(ढ) “फासल” (Set Back) भन्नाले सडकको किनारबाट छोडिने  जग्गा भन्ने सम्झनु पर्छ ।

(ण) “राजकुलो तथा कुलो” भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ ।

(त) “राष्ट्रिय राजमार्ग” भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(थ) “वडास्तरीय सडक” भन्नाले वडा क्षेत्र भित्र रहेका १ कि.मि. देखी ७ कि.मि. लम्बाई सम्मको सडकलाई सम्झनु पर्छ।

(द) “शहरी सडक” भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले नगरपालिकाद्वारा चार किल्ला तोकि शहरी सडक नामाकरण गरि निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ।

(ध) “सडक सिमा” भन्नाले नगर सडकको चौडाईलाई सम्झनु पर्छ ।

(न) “सडकको क्षेत्राधिकार” भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।

(प) “सहायक सडक” भन्नाले मुख्य सडकबाट बस्तीसम्म जाने ५०० मिटर सम्मको सडकलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## सडक क्षेत्रको वर्गिकरण, क्षेत्राधिकार र फासल

३. **सडकको क्षेत्राधिकार :**(१) सडकको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर स्तरीय सडकको क्षेत्राधिकार (ROW) ८ मिटर चौडाहुनेछ ।

(ख) वडास्तरीय सडकको क्षेत्राधिकार (राइट अफ वे) ६ मिटर चौडा हुनेछ ।

(ग) टोलस्तरीय सडकको क्षेत्राधिकार ४ मिटर चौडा हुनेछ ।

(घ) शहरी सडकको क्षेत्राधिकार ७ मीटर चौडा हुनेछ । तर पहिला देखिनै बनिसकेका सडकहरुको हकमा ५ मीटर चौडाईलाई मान्यता दिन सकिनेछ ।

(ङ) चक्रपथको क्षेत्राधिकार १० मिटर चौडा हुनेछ ।

(च) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटो को रुपमा वर्गिकरण गरिने छ । यसको न्यनतम चौडाई २ मिटरको हुने छ ।

(छ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई कम्तीमा ३ फिटको हुने छ ।

(२) उपदफा (१) बमोजिमका सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुनेगरी निर्माण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सडकको नामाकरण र क्षेत्राधिकार अनुसूची - १ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **सडकको फासल (सेट व्याक)** :(१) सडकको क्षेत्राधिकार देहाय बमोजिम छोड्नु पर्नेछ ।

(क) चक्रपथका फासल २ मिटर ।

(ख) नगर स्तरीय सडकको फासल १.५ मिटर ।

(ग) शहरी सडकको फासल २ मिटर ।

(घ) वडास्तरीय सडकको फासल १.५ मिटर ।

(ङ) टोलस्तरीय सडकको फासल १.५ मिटर ।

(च) सहायक सडकको फासल १.५ मिटर ।

(च) गोरेटो बाटोको फासल ३.५ फिट ।

(छ) खोला र खोल्सीको प्राकृतिक बहावबाट १.५ मिटर फासल ।

(ज) राजकुलो तथा कुलोको फासल ३ फिट ।

(२) उपदफा (१) बमोजिम सडकको नामाकरण र फासल अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासल सम्वन्धी विशेष व्यवस्था :** धार्मिक तथा सास्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासल सम्वन्धी व्यवस्था अनुसुची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **मुख्य सडकको क्षेत्राधिकार र फासल सम्वन्धी विशेष व्यवस्था :** (१) सल्लेरी - ओखलढुंगा सडक खण्डमा सडकको क्षेत्राधिकारभन्दा बाहिर २ मीटर फासल छोड्नु पर्नेछ ।

तर साविकमा २०६१ देखि २०६८ सम्म बनाएका संरचनाका हकमा ३ फिट, २०६९ देखि यो ऐन लागू नहुन्जेल सम्म १.५ मीटर फासल छाडी नक्सा पास प्रक्रियामा आई वा नआई निर्माणाधीन अवस्थामा रहेका वा बनेका संरचनाको लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई नक्सा पास गर्न वा निर्माण सम्पन्न दिनमा बाधा पर्ने छैन ।

(२) सडक खण्डमा सडकको क्षेत्राधिकारभन्दा बाहिर २ मीटर फासल छोड्नु पर्नेछ ।

(३) बाईपास सडकको क्षेत्राधिकार ६ मिटर चौडा र फासल २ मिटर हुनेछ ।

(४) सडकको क्षेत्राधिकार ८ मिटर र फासल १.५ मिटर हुनेछ ।

७. **व्यवसायिक संरचना निर्माण गर्दा छोड्नु पर्ने फासल सम्वन्धी विशेष व्यवस्था** : यो ऐन बमोजिम जुनसुकै वर्गिकणमा परेको सडक, गल्ली, खोल्साखोल्सी तथा राजकुलो वा कुलोको किनारमा व्यवसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निमार्ण गर्दा २ मिटर फासल छोड्नु पर्नेछ ।

८. **सडक सुरक्षा सम्बन्धी व्यवस्थाः** यस ऐनमा भएको व्यवस्था अनुसार निर्माण गरिने सडकहरुको सुरक्षा गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ । सडक सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

९. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः** (१) नगरपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित काम गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र मापदण्ड तयार गर्नेछ ।

**१०. भवनको दर्ता :** (१) नगरपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**११. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्डबमोजिम स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) भवन निर्माण गर्दा आवासीय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेटव्याक छोड्नु पर्दछ ।

**१२. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड :** (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा नगरपालिका भित्र कुनै व्यक्ति, समुदाय, संघसंस्था वा निकायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा विकास गरी बिक्री गर्ने उद्देश्यले बस्ती विकासको काम वा परियोजना सञ्चालन गर्न चाहेमा बस्ती विकासको विस्तृत कार्य योजनासहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

**१३. निर्माण निषेध गरिएको :** (१) नगर क्षेत्रभित्र व्यक्तिगत, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ ।

(क) नक्शापास नगरी कच्ची वा पक्की तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

(ख) कार्यालयबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भर्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

(ङ) कार्यालयको स्वीकृत बेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफ्नो घर कम्पाउण्ड, पसल वा व्यवसाय अगाडि सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यवसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धीत जग्गा धनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिँदा प्राविधिकको निरीक्षण गराउन रु. ५०,०००।- सम्म धरौटी राख्नु पर्नेछ ।

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१४. खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) नगरपालिकाले नगर क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन नगर तहमा खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा घरधुरीभन्दा बढी परिवारलाई खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि नगरपालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व

(ज) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा नगरपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

(६) बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य गर्ने सम्बन्धमा तोके बमोजिम हुनेछ ।

(७) उपदफा (२) र (३) बमोजिमको बोर्ड गठन गर्न तोकिए बमोजिमको मापदण्ड पूरा गर्न नसक्ने जलउपभोक्ता संस्थालाई सोही हैसियतमा कामकाज गर्ने गरी नगरपालिकाले व्यवस्था गर्न सक्नेछ।

**१५. खानेपानी तथा सिंचाईको शुल्क निर्धारणः** नगरपालिकाले दफा १३ बमोजिमकोखानेपानीको महसुल निर्धारण एवं नगरपालिकाबाट निर्माण तथा सञ्चालन वा नगरपालिकालाई हस्तान्तरण भई आएका खानेपानी तथा सिंचाई योजनाको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ :-

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) | नगरपालिकाको उपप्रमुख | उपाध्यक्ष |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि | सदस्य |
| (ङ) | नगरपालिकाको खानेपानी वा जलस्रोत शाखा सम्बद्ध प्रमुख | सदस्य |
| (च) | नगरपालिकाको राजस्व इकाई प्रमुख | सदस्य सचिव |

## परिच्छेद ५

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१६. **पूर्वाधार आयोजना तर्जुमा** : (१) कुनै व्यक्ति, समूह, संस्था वा निकायले नगरपालिका क्षेत्रभित्र सामुदायिक वा सार्वजनिक प्रयोजनको लागि कुनैपनि पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरु संचालन योजना तर्जुमा गरी नगर सभाबाट पारित नगराई कार्यान्वयन गर्न सक्ने छैन ।

(२) पूर्वाधार योजनातर्जुमाका क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

१७. **लागत अनुमान तयार गर्नुपर्ने :** (१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नुपूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

१८. **पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन** : (१) नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु प्रचलित कानून तथा नगरपालिकाबाट तोकिए बमोजिम सञ्चालन गरिनेछ ।

१९. **उपभोक्ता समिति मार्फत गर्न सकिने :** (१) रु. पचास लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

तर यस्तो निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य गराउँदा टोल सुधार समिति, व्यवस्थापन समिति जस्ता लाभान्वित परिवार समेटिने प्रकृतिका स्थायी समिति, संस्था जस्ता निकायबाट सम्पादन गर्न प्राथमिकता दिइनेछ ।

(२) स्थायी प्रकृतिका समिति, संस्था जस्ता निकाय सम्बन्धित आयोजना वा कार्यक्रम सञ्चालन गर्न स्थानमा नरहेको अवस्थामा उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित

समुदायहरु मध्येबाट ५ देखि ९ जना सम्मको समिति गठन गरिने छ । यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि निर्माण अवधि वरावरकै वाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी सोही समितिले लिनु पर्नेछ । तोकिएको अवधिसम्म रेखदेख तथा मर्मत सम्भार गरेको आधारमा नगरपालिकाबाट कुनै थप आर्थिक दायित्व व्यहोरिने छैन ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १० नगद लागत सहभागिता र १५ प्रतिशत श्रमदान गर्नु पर्नेछ ।

(५) नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र नगरपालिकाले पहिलो किस्ता निकासा गर्ने छ ।

(६) उपदफा (४) बमोजिमको नगद सहभागिता गर्ने उपभोक्ता समिति मध्ये पनि बढी नगद सहभागिता गर्ने उपभोक्ता समितिलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. "**घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्नेः** (१) नगरपालिकाले योग्यता, मादण्ड पूरा गरेका नगर क्षेत्रभित्रका"घ" वर्गका निर्माण व्यवसायीको दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि नगरपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम उपयुक्त देखिएका निर्माण व्यवसायीलाई नगरपालिकाले तोके बमोजिमको इजाजतपत्र दस्तु लिइ निर्माण कार्य गर्ने ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख वार्षिक रुपमा अद्यावधिक गराई राख्नु पर्नेछ ।

(५) "घ" वर्गको निर्माण व्यवसायी हुन नगरपालिकाले तोके बमोजिमको योग्यता हुनुपर्ने छ ।

(६) नगरपालिका कार्यालयले नगरपालिकासँग काम गर्ने सवै वर्गका निर्माण व्यवसायीले गरेका कार्यहरु खुल्ने विवरण भएको परिचयपत्र (कार्ड) उपलब्ध गराउनेछ । नगरपालिकाबाट ठेक्कापट्टामा सञ्चालन गरिने कार्यहरुको सम्झौता गर्नुपूर्व त्यस्तो कार्ड पेश गर्नु निर्माण व्यवसायीको कर्तव्य हुनेछ ।

(४) नगरपालिकासँग सम्झौता भइ काम प्राप्त गर्ने निर्माण व्यवसायीले पाएको काम आफैंले सम्पन्न गर्नु पर्नेछ । नगरपालिकाको पूर्व स्वीकृति नलिइ कुनै अन्य निर्माणव्यवसायीसँग उपकरार गर्न सकिने छैन । उचित र पर्याप्त कारण भएमा बाहेक उपकरारको सहमति दिइने छैन ।

**२१. पूर्वाधार मर्मत संभार कोषः** (१) नगरपालिका भित्र रहेका नगरस्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा नगरपालिका वा प्रदेश सरकार वा संघीय सरकारबाट प्राप्त रकम, पूर्वाधार संरचनामा लगाइने शुल्क, दस्तुर, कर, तथा अन्य स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको मर्मत सम्भार कोष सञ्चालन नगरपालिकाले बनाएको कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद ६

## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

**२२. पूर्वाधार सुपरिवेक्षण तथा अनुगमन समितिको गठन** :नगरपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने  लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि नगरस्तरमा एक पूर्वाधार सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) नगरपालिका उपप्रमुख | अध्यक्ष |
| (ख) नगरपालिकाको पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| (ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष | सदस्य |
| (ग) पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका कार्यपालिकाको महिला सदस्य एक जना | सदस्य |
| (घ) नगरपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

**२३. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(१) पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन पश्चात निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) संघीय तथा प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

२४. **सहमति दिनुपर्ने** : नगरपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत कार्यान्वयन भएको योजना तथा कार्यक्रमको फरफारक र त्यस्तो कार्यको अन्तिम भूक्तानी पूर्व अनुगमन समितिले गरेको प्रतिवेदन अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ ।

२५. **कारबाहीको सिफारिस गर्न सक्ने** : नगरपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरवाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा सुपरिवेक्षण तथा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिका भित्र उक्त यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि नगरपालिकालाई सिफारिस गर्न सक्नेछ ।

२६. **कालो सूचीमा राख्ने** : (१) देहायको अवस्थामा नगरपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,
(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा,
(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,
(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,
(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा
(च) अन्य यस्तै कुनै कसूर गरेमा
(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

२७. **प्राविधिकमूल्याँकन गर्नु पर्ने :** (१) नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ७

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

२८. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग नगरपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाईसँग

सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष ।

२९. **प्रस्ताव आव्हान गर्न सक्ने :** (१) नगरपालिकाले दफा २८ बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तीय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्नेप्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधि

३०. **प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरुमा मूल्यांकनका गराई प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावक संग नगरपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३१. संचालन तथा व्यवस्थापनः**(१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा नगरपालिकाको तर्फबाट एकअर्को लाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद ८

## वातावरण, भूसंरक्षणतथा वैकल्पीक ऊर्जा

**३२. वातावणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले २ करोड देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृति नगरपालिकाले गर्नेछ । यस्तो प्रतिवेदन स्वीकृति नगरपालिकाले बनाएको प्राविधिक समितिको सिफारिसमा गरिनेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत गर्नुपूर्व नगरपालिकाले १५ दिनको सार्वजनिक सूचना मार्फत त्यस प्रतिवेदन उपर नगरवासी तथा सरोकारवालाको राय सुझाव माग गर्नु पर्नेछ ।

**३३. बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** नगरपालिकाले पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नेछ ।

(१) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा नगरपालिका, प्रदेश वा संघीय सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक बनाउने घरधुरीलाई नगरपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशतसम्म छुट दिन सक्ने छ ।

३४. **भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्नेः** (१) नगरपालिकाभित्रको भूक्षयग्रस्त सार्वजनिक पाखो, खोला किनार वा सडक किनारामा वनस्पतिको रोपण गरी त्यस्तो भूक्षय नियन्त्रण गर्न वृक्षारोपण लगायतका अन्य आवश्यक कार्य गर्न स्थानीय समुदाय वा टोल सुधार समितिलाई अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न सम्बन्धित क्षेत्रका समुदाय वा टोल सुधार समितिले स्थान तोकी नगरपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) उपदफा (२) बमोजिमको स्थानका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्‍याउने खालको हुनु हुँदैन ।

(४) उपदफा (२) बमोजिमको प्रस्तावित स्थल नगरपालिकाले तोके बमोजिम उपयुक्त देखिएमा अधिकतम १० वर्षका लागि त्यस्तो स्थानमा वृक्षारोपण र उक्त स्थानको विकासमा उपयोग गर्ने गरी अनुमति प्रदान गर्न सक्नेछ ।

३५. **फोहरमैला तथा फोहरपानी व्यवस्थापनः** (१) नगरपालिकाभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना बनाइ कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि नगरपालिका अन्य स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) र (२) बमोजिमको कार्य गर्न दुई वा सो भन्दा बढी स्थानीय तहका बीचमा संयुक्त उपक्रम वा साझेदारी लगायतका स्थानीय तहबीच सहमति भएका कार्यढाँचा बमोजिम काम गर्न बाधा परेको मानिने छैन ।

## परिच्छेद ९

## जलस्रोतको संरक्षण र उपयोग

३६. **जलश्रोतको उपयोग :** (१) नगरपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोत र पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन । कसैले पनि यस्ता स्रोतको एकलौटी प्रयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम मूल वा अन्य स्रोतबाट प्राप्त पानीआफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगका लागि बन्देज गर्न पाइने छैन । पानीको प्रयोग देहायको क्रममा गर्नु पर्नेछ :-

(३) नगरपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(४) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

क) पिउने पानी

ख) सिँचाई

ग) पानी घट्ट, औद्यागेगिक वा निर्माण प्रयोजन

घ) जलविद्युत

ङ) जल पर्यटन  लगायत अन्य

(५) नगरपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार नगरपालिकालाई हुनेछ । मुहानको सम्बन्धी विवादको निर्णय गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

३७. **अनुमति लिनु पर्ने** : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन् :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न ,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न ,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए वमोजिमका क्रियाकलाप गर्न नगरपालिकाको अनुमति लिनु पर्दछ । यस्तो अनुमति सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमाजिम हुनेछ ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले नगरपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार वा प्रदेश सरकारको जलश्रोतको उपयोग सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन् ।

३८. **पानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन** :- (१) नगरपालिका क्षेत्रभित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत् र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न

परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल जल उपभोक्ता संस्थाको गठन गरेर नगरपालिकासँग अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र नगरपालिकामा दर्ता गराउनु पर्दछ ।

३९. **जल उपभोक्ता संस्थाको गठन** :(१) दफा १२ बमोजिम गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फर्स्यौट गर्नुपर्ने छ । नगरपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा नगरपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

४०. **जलस्रोतको व्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्ने** : (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा नगरपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीसदिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगरपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद १०

## सहरी व्यवस्थापन सम्बन्धी

४१. **जथाभावी पार्किङ गर्न, हर्न बजाउन र तीव्र गतिमा सवारी साधन चलाउन नहुने :** (१) कसैले पनि नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक अन्यत्र पार्किङ गर्न पाउने छैन ।

(२) नयाँ बन्ने व्यवसायिक सपिङ मल तथा होटेल तथा व्यवसाय सञ्चालन गर्नेले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आवश्यकता हेरी भैरहेका होटेल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्नेछ ।

(४) नगरपालिकाले सशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्नेछ ।

(५) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन ।

(६) नगरपालिका क्षेत्रभित्र प्रेशर हर्न निषेध गरिएको छ ।

(७) नगरपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन ।

४२. **सार्वजनिक स्थलमा धुम्रपान गर्न नपाइने** :(१) कसैले पनि नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा धुम्रपान गर्न पाउने छैन ।

(२) धुम्रपान उपलब्ध गराउने व्यवसायीले सो कार्यका लागि अरुलाई असर नपर्ने गरी अलग्गै धुम्रपान कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थल र समयभन्दा बाहेक मदिराजन्य सामग्रीको बिक्री वितरण तथा प्रयोगलाई निषेध गरिएको छ ।

४३. **जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न नपाइने** :(१) नगरपालिका क्षेत्रभित्र नगरपालिकाको अनुमति नलिइ तोकिएको मादण्ड बाहिर रही जथाभावी विज्ञापनजन्य साइनबोर्ड वा सामग्री राख्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमति लिर्ं साइनबोर्ड, फ्लेक्स प्रिन्ट, डिस्प्ले बोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नु पर्दा बढीमा आफ्नो सटर वा पसल कवलको वारपार बढीमा २ फिट चौडाई भएको राख्न सकिनेछ ।

(३) उपदफा (२) मा उल्लेख भएको भन्दा ठुलो साइजको विज्ञापनजन्य सामग्री राख्नु पर्ने पर्याप्त कारण भएमा नगरपालिकाको अनुमति लिइ तोकिए बमोजिमको शुल्क तिरेर राख्न सकिनेछ ।

## परिच्छेद ११

## कसुर र दण्ड सजाय

४४. **कसुर र दण्ड सजाय :** (१) यो ऐन बमोजिमको फासल र नगरपालिकाबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भर्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा २५ प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउनेछ ।

(२) मूल सडकबाट शाखा सडक तर्फ व्यक्तिवा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेशको पालना भएको नपाइएमा प्रमुखले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप २५ प्रतिशत जरिवाना सम्वन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) नगरपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाईने छैन । त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप २५ प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(४) नगरपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई नगरपालिकाले रु. दुई सय देखि रु. एक हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(५) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा नगरपालिकाले रु. एक सय देखि रु. पाँच सय सम्म जरिवाना गर्नेछ ।

(६) कसैले प्रेशर हर्न बजाएको पाइएमा रु. पाँच सय देखि रु. एक हजारसम्म जरिवाना गरी प्रेशर हर्न जफत एव नष्ट गरिनेछ ।

(७) कसैले सार्वजनिक स्थलमा धुम्रपान गरेको पाइएमा पहिलो पटकलाई सम्झाउने बुझाउने, दोस्रो पटकलाई एक सय रुपैयाँ जरिवाना गर्ने र त्यसपछि पटकै पिच्छे एक सय रुपैयाँ थप्दै जाने गरी जरिवाना गरिनेछ ।

(८) यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा १३ मा तोकेको मापदण्ड प्रतिकूल विज्ञापनजन्य सामग्री राखेको पाइएमा नगरपालिकाले हटाउन आदेश दिनेछ । दिएको आदेश अटेर गरेको पाइएमा नगरपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढिमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(९) यो ऐन प्रारम्भ भए पश्चात कसैले दफा १३ मा तोकेको मापदण्ड बाहिर विज्ञापनजन्य सामग्री राखेको पाइएमा नगरपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढिमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद १२

# विविध

**४५. अन्तर स्थानीय समन्वय :** नगरपालिका र गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि नगरकार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

**४६.** नगरपालिककाले निर्माण गरेका सबै प्रकारका सडकहरु र प्रादेशिक एवं राष्ट्रिय राजमार्गमा व्यक्ति वा संघ/संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा उल्लेख फासल बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासल छोड्नु पर्नेछ ।

४७. नगरपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नती तथा खोल्सा-खोल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि नगरपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

४८. परम्परागत रुपमा प्रयोग हुँदै आएका चलनचल्तीमा रहेका तर नापी नक्शामा उल्लेख नभएका बाटा तथा गोरेटाहरुलाई औचित्यताका आधारमा नगरपालिकाले कायम गराउन सक्नेछ ।

४९. **अधिकार प्रत्यायोजन :** यस ऐनमा छुट भएका सडक, गल्ली वा कुलोका सम्वन्धमा कार्यपालिकाले निर्णय गरी क्षेत्राधिकार तथा फासल तोक्न सक्नेछ ।

५०. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५१. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

५२. **बचाऊः** (१) यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि साविक नगर परिषद्बाट निर्माण भएको मापदण्ड यो ऐनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम निर्माण भएको मानिनेछ ।